# आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

## त्रिपुरासुन्दरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पिस्कर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# १६ औं गाउँ सभाको बैठकमा २०८१ असार १० गते गाउँपालिका अध्यक्ष श्री भक्तध्वज बोहरा ज्यूद्वारा प्रस्तुत त्रिपुरासुन्दरी गाउँपालिकाको आ.व. २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम

## त्रिपुरासुन्दरी गाउँपालिका
## पिस्कर, सिन्धुपाल्चोक
## (बागमती प्रदेश, नेपाल)

गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सभाका सदस्य ज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाको सोह्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

- त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाको यस गरिमामय बैठकमा त्रिपुरासुन्दरी गाउँपालिकाको हैसियतले आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी भएको छु। मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको २ वर्ष पुरा भएको छ। यस अवधिमा भौगोलिक र पहुँचको आधारमा विकटता र प्राकृतिक रुपमा समेत जोखिम रहेको स्थानमा रहेर समेत पालिकाको भौतिक पूर्वाधार, विकास निर्माण, सार्वजनिक सेवा प्रवाह एवं समग्र विकासमा अहोरात्र खटिनुहुने जनप्रतिनिधि, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।
- नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, सङ्घीयता, नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै, मिति २०८१ वैशाख ७ गतेका दिन भिमेश्वर नगरपालिका वडा नं १ सुस्पा क्षमावतीबाट जन्ती लिएर यस गाउँपालिका अन्तर्गत वडा नं ४ पिस्कर आउँदै गरेको बा ४ ख ५६१६ नम्बरको बस यसै गाउँपालिका वडा नं ५, तौथली स्थित धारावती भन्ने स्थानमा भएको दुर्घटनामा मृत्यु हुने दिवगंत आत्माहरुप्रति हार्दिक श्रद्धाञ्जली गर्दछु।

**सभा सदस्यज्यूहरु ...**

- नागरिकका जीवनचक्रमा आधारित आवश्यकताहरुलाई सामर्थ्य र प्राथमिकताका आधारमा तदारुकताका साथ सम्पन्न गर्नुपर्ने अभिभारा भएकाले हामीले यो ऐतिहासिक गाउँसभा मार्फत हाम्रा अल्पकालिन र दिर्घकालीन आवश्यकताका आधारमा योजनाहरुको प्राथमिकिकरण गरिएको छ। सिमित स्रोत र साधनको अधिनमा रहि कार्यक्रम तर्जुमा गर्दा कतिपय योजनाहरु गाउँपालिकाले आफ्नो बजेटमा समेट्न नसकेको कुरालाई आत्मसात गर्दै सो को कार्यान्वयनको लागि विभिन्न सरोकारवालाहरु नेपाल सरकार, प्रदेश सरकार तथा संघ संस्थाहरुसँग स्रोत तथा प्रविधि व्यवस्थापन तथा साझेदारीका लागि आवश्यक पहल गरिनेछ।
- मूलत: स्थानीय जनताको सार्वभौम अधिकारलाई संस्थागत गराउन तथा चुस्त, दुरुस्त र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने हाम्रो लक्ष्यलाई विशेष प्राथमिकतामा राखिनेछ। र जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्कमा रहने निकायहरु (वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय) हरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, विपद् व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्ध जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष जोड दिइनेछ। आगामी वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम पालिकावासी तथा सबै सरोकारवाला महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने विश्वास लिएको छु।

- नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, नेपाल सरकारको सोह्रौं आवधिक योजना, दीगो विकास लक्ष्य, नेपालले अन्तराष्ट्रिय मञ्चमा गरेको प्रतिवद्धता, आर्थिक वर्ष २०८१।०८२ को संघीय सरकार तथा बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यलाई समेत आत्मसात गरी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सभा सदस्यज्यूहरु ...**

**आर्थिक विकास सम्बन्धी नीति :**

**क. कृषि, पशु तथा सहकारी नीति :**

१. गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन **"एक वडा एक विशेष उत्पादन"** को नीति लिइनेछ ।

२. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वोरोजगारका अवसर सृजना गर्ने नीति लिइनेछ ।

३. आधुनिक पद्दतीबाट व्यवसायीक खेती, पशुपन्छी पालनमा युवा तथा उद्यमी कृषकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

४. यस गाउँपालिकालाई कृषिको क्षेत्रमा आत्मनिर्भर बनाई व्यवसायीकरणमा जोड दिनको लागि प्रत्येक वडालाई एक कृषि पकेट क्षेत्रको रुपमा विकास गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

५. कृषिको यन्त्रीकीकरणमा जोड दिँदै बिउ, प्रविधिलाई प्राथमिकतामा राखिनेछ,

६. किसानले उत्पादन गरेका कृषि उपजहरुको प्रत्येक वडामा संकलन केन्द्र स्थापना गरी बजारीकरण गरिने नीतिलाई थप प्रभावकारी रुपमा लागु गरिनेछ,

७. पशु रोग विरुद्धको कार्यक्रमलाई अभियानको रुपमा लागु गरिनेछ,

८. यस गाउँपालिका अन्तर्गतका कृषि समुह तथा सहकारीहरुलाई सक्रिय बनाई उत्पादन भएका कृषि उपजहरु विद्यालय दिवा खाजासँग जोड्ने नीति लिइनेछ ।

९. बाँझो जग्गालाई उपयोगमा ल्याउन परिवेश सुहाउँदो फलफुल, मसलाबाली उत्पादनमा जोड दिई बाँझो जग्गामा कृषि विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. प्राँङ्गारिक मलको उत्पादन तथा उपयोग सम्बन्धी कार्यलाई विशेष प्राथमिकताका साथ अगाडी बढाई दिगो कृषि प्रणालीको विकास गरिनेछ ।

११. अर्गानिक तरकारी उत्पादनलाई प्रोत्साहित गर्न **"एक घर एक करेसाबारी"** को नीति अबलम्बन गरिनेछ,

१२. कृषि तथा पशुजन्य अनुदान कार्यक्रम कृषि सहकारी, समूहमार्फत संचालन गर्न जोड दिइनेछ,

१३. व्यावसायिक पशुपालन गर्ने कृषकलाई व्याज अनुदान दिने नीति लिइनेछ ।

**ख. पर्यटन सम्बन्धी नीति**

१४. पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुको पूर्वाधार विकास गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ,

१५. महभिर झरनालाई थप आकर्षक बनाउन उचित पूर्वाधारको विकासमा जोड दिइनेछ,

१६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलमा पहुँच पुऱ्याउने सडक संजाललाई स्तरोन्नती गरिनेछ,

१७. गाउँपालिका भित्र रहेका मठ-मन्दिर, गुम्बा तथा अन्य धार्मिक स्थलको उचित संरक्षण तथा सम्बर्द्धन गरिनेछ,

१८. **"संस्कृतिमा समृद्ध त्रिपुरा: संरक्षण गरौ, संस्कार, पर्व र भेषभुषा"** भन्ने अभिप्रायलाई मुर्तता दिन लोपन्मुख बाजा, संस्कार, पर्व, भेषभुषा र संस्कृतिको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ,

**ग. उद्योग, श्रम र रोजगार नीति :**

१९. **"युवासँग स्थानीय सरकार: हुनेछैनन् वेरोजगार"** भन्ने नारा सहित रोजगार सेवा केन्द्रमा सुचीकृत वेरोजगारीहरुको क्षमता विकास गरी सीप अनुसारको रोजगार सुनिश्चित गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आएको बजेट गाउँपालिकाले संचालन गर्ने सडक, सिँचाई, भवन, पुल, नदि नियन्त्रण, वृक्षारोपण लगायतका योजना तथा कार्यक्रममा आवश्यक पर्ने निर्माण सामग्री गाउँपालिका तथा वडाले व्यवस्था गर्ने गरी रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई काममा लगाउन साझेदारी गर्ने नीति लिइनेछ।

२१. एक गाउँपालिकाका एक औद्योगिक ग्रामको नीति अंगीकार गरिनेछ।

२२. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

२३. गाउँपालिकाभित्र आन्तरिक रोजगारीको सम्भावित अवसरहरुको पहिचान एवं रोजगार सम्बद्ध सेवा तथा सरोवारवालाहरुको नक्साङ्कन गरिनेछ।

२४. स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान विकास विस्तार गरी पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटल व्यवसाय, होमस्टे, अतिथि सत्कार जस्ता विषयसँग सम्बन्धित सिप विकासका कार्यक्रमहरु संचालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा नीजि क्षेत्रसँग समन्वय र सहकार्य गरी रोजगारी सिर्जना गरिनेछ।

२५. गाउँपालिकाको विकास निर्माण आयोजनाहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ।

२६. रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमूलक सेवा उपलब्ध गराइनेछ।

२७. रोजगारीको सिर्जनाको लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गरिनेछ।

२८. वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजीकरण गरिनेछ।

२९. वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृत तथा पुन: श्रम स्वीकृतीमा सहजीकरण गरिनेछ।

३०. स्थानीय तहभित्र वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ।

३१. बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक तथ्याङ्क संकलन गरिनेछ।

३२. स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिहरुको सूची अद्यावधिक गर्दै लगिनेछ।

३३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

३४. स्थानीय स्तरमा उपलब्ध स्रोत साधन, श्रम, सीपको अधिकतम परिचालन गरी उद्यमशीलताको माध्यमबाट उद्यमीहरुको सृजना गरिनेछ।

३५. लक्षित वर्गलाई सीप विकास, तालिम र रोजगारी एवं आय आर्जन सम्बन्धी विशेष कार्यक्रममा समावेश गरिनेछ।

३६. रोजगारी र उद्यमशीलता उन्मुख स्वरोजगारीका लागि सीप, पूँजी र व्यवसायिक तालिम उपलब्ध गराउनुका साथै सुरुवाती व्यवसाय गर्न आवश्यक पर्ने बीउ पूँजी सहुलियतपूर्ण व्याजदरमा उपलब्ध गराउन अनुदानको व्यवस्था मिलाइनेछ।

३७. युवाहरुलाई स्वरोजगारी बनाउनका लागि यूवा तथा स्वरोजगार कोष लगायत अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी सहुलियत ब्याजदरमा कर्जा प्रवाह हुने व्यवस्था गरिनेछ।

३८. गरिबी निवारण कोष मार्फत तत्कालीन गाउँ विकास समिति हरुमा गठित समूहमा रहेको कोषको लगानीको सावाँ रकम गाउँपालिकाद्धारा गठित संरचनामा फिर्ता गरी सो रकमबाट युवा उद्यमशीलता विकास गर्ने नीति लिइनेछ।

## सामाजिक विकास सम्बन्धी नीति

### क. शिक्षा नीति

३९. सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्नका लागि कक्षा १२ सम्म लागु भएको पूर्ण रुपमा निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४०. विद्यालय शिक्षालाई आधुनिक र प्रविधिमैत्री बनाउनको लागि विद्यालयमा स्मार्ट बोर्ड लगायत प्रविधिमैत्री समाग्रीको व्यवस्थापन गरि कार्यरत शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४१. स्थानीय कृषि उपजमा आधारित दिवा खाजालाई प्रवर्द्धन गरि विद्यार्थीलाई पोषिलो र ताजा दिवा खाजा उपलब्ध गराउन कक्षा ८ सम्म सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय कृषक समुह र सहकारी मार्फत दिवा खाजाको आपुर्ती व्यवस्था मिलाइनेछ।

४२. बालबालिकाहरुको गुणस्तरीय र प्रविधिमैत्री सिकाइ सुनिश्चितताको लागि सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको विकास र स्तरोन्नती गरिनेछ।

४३. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई क्रमशः आवासीय विद्यालयको रुपमा सञ्चालन तथा विकास गर्दै लैजाने निती अनुसार यस आर्थिक वर्षमा कक्षा ११ र १२ लाई एकै ठाउँमा एकीकृत गरि आवासीय विद्यालयको रुपमा विकास गरिनेछ।

४४. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत गाउँपालिका भित्रै दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न गाउँपालिकामा सञ्चालित कम्तिमा एक विद्यालयलाई प्राविधिक विद्यालयको रुपमा विकास गरिनेछ।

४५. आधारभूत तथा माध्यमिक तहमा गुणस्तरीय शिक्षाको प्रत्याभुति गरि पहुँच वृद्धि गर्न दलित, अल्पसंख्यक र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम लगायत विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४६. शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र साझेदारी गरि गुणस्तरीय शिक्षाको अभियानलाई तिव्रताका साथ कार्यान्वयन गरिनेछ।

४७. सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी, कार्यसम्पादनमा उत्कृष्ट शिक्षक र विद्यालयलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

४८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातका आधारमा विषयगत दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्थापन गरिनेछ। न्युन विद्यार्थी भएका विद्यालयहरुलाई समायोजन र मर्ज गरि एकीकृत विद्यालय स्थापनाको नीति लिइनेछ।

४९. विद्यालय स्तरीय परीक्षा प्रणालीको सुधार गरि व्यवस्थित र स्तरीकृत परीक्षा सञ्चालन गर्न गाउँपालिका स्तरीय एकीकृत परीक्षा प्रणाली लागु गरिनेछ।

५०. विद्यालयमा गुणस्तरीय शिक्षण सिकाइ, पारदर्शिता, जवाफदेहिता र सहभागिता सुनिश्चितताका लागि विद्यालय अनुगमन र सुपरीवेक्षणलाई व्यवस्थित गर्न सि.सि. कायामेरा र इ- हाजिरी प्रयोगमा ल्याइनेछ।

५१. छोरी शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै यसलाई थप व्यवस्थित बनाइने छ ।

५२. विद्यार्थीमा खेलकुदको माध्यमबाट शारीरिक, मानसिक र सामाजिक विकास गरि स्वस्थ अनुशासित र नैतिकवान नागरिक उत्पादन गर्ने उद्देश्यले प्रत्येक विद्यालयमा खेलकुद पूर्वाधारको विकास, खेलकुद मैदान निर्माण र विस्तार गरिनेछ।

५३. एक विद्यालय एक करेसाबारी निर्माणको नीतिलाई निरन्तरता दिँदै विद्यार्थीको व्यवहारिक शिक्षा र ज्ञानलाई सिकाइसँग जोडिनेछ।

५४. गाउँपालिका भित्रका माध्यमिक विद्यालयलाई प्रविधिमैत्री बनाउँदै लैजाने नीति अनुसार आर्थिक वर्ष २०८१/०८२ बाट एक विद्यालयमा डिजिटल माध्यमबाट ई- लर्निङ कक्षाको शुरुवात गरिनेछ।

५५. गाउँपालिका भित्रबाटै दक्ष र उच्च स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले चिकित्सा शास्त्र, ईन्जिनियरिङ, नर्सिङ, वनविज्ञान र कृषि विषयमा स्नातक तह अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।

## ख. स्वास्थ्य नीति

५६. आधारभूत स्वास्थ्य सेवा सबै सहजै उपलब्ध गराउनका लागि वडा वडामा संचालित सामुदायिक स्वास्थ्य सेवा इकाई लाइ निरन्तरता दिइनेछ।

५७. अत्यावश्यक औषधिहरु नियमित रुपले सबै संस्थाहरु मार्फत जनताको पहुचमा पुर्याउनेछ।

५८. खोप, परिवार नियोजन सेवा लाइ निरन्तरता दिइनेछ।

५९. आमा सुरक्षा कार्यक्रम उतरप्रसुती सेवा लाइ प्राथमिकता दिई सेवा बिस्तार गरिनेछ।

६०. स्वास्थ्य उपचारमा सहज पहुचका लागि बिमा कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

६१. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दिर्घ रोगीको स्वास्थ्य अवस्था लाइ ध्यानमा राखी शिविर संचालन गरि उपचार गराउनका साथै सहयोग उपलब्ध गराइनेछ।

६२. मुटु रोगीलाई नियमित खाने औषधि आपूर्ति कार्यलाइ निरन्तरता दिइनेछ।

६३. स्वास्थ्य संस्थालाई सबल तथा प्रभावकारी सेवा प्रवाह गर्नका लागि उचित प्रवन्ध मिलाइनेछ।

६४. कर्मचारीहरु लाइ उच्च मनोबल बनाउन क्षमता अभिबृधि गराइनेछ।

६५. पूर्ण खोप, पूर्ण सुरक्षित खानेपानी पालिका तथा घरमा हुने सुत्केरी ९होम डेलिभरी० मुक्त पालिका घोषणाका लागि आवशयक रणनीति अपनाउदै नवीनतम कार्य गरिनेछ।

६६. बाल मैत्री तथा पोषण मैत्री वडा तथा पालिका बनाउन संघीय तथा प्रादेशिक सरकारको नीति अनुरुप सहकार्य गर्दै सुनौलो १००० दिन भित्रका बालबालिकाको शारीरिक मानसिक बिकाशका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ।

६७. उपाध्यक्ष आमा बचाउ कार्यक्रम संचालन गरिनेछ।

६८. सामुदायिक महिला स्वास्थ्य स्वंम सेविकाहरु लाइ मासिक दिइने प्रोत्साहनलाइ निरन्तरता दिइनेछ।

६९. सरसफाई कार्यक्रममा सभ्य त्रिपुरा सफा त्रिपुरा बनाउन कार्यक्रम संचालन गरिनेछ।

७०. जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम त्रैमासिक रुपमा सञ्चालन गरिनेछ।

**ग. आयुर्वेद नीति**

७१. गाउँपालिका क्षेत्र भित्र रहेका बहुमुल्य जडिबुटीको पहिचान गरी त्यस्ता जडिबुटीको रोपण एवं उत्पादन गर्ने तर्फ कृषकहरुलाई प्रोत्साहन गरी आय आर्जन वृद्धि गर्ने नीति लिइनेछ।

७२. नसर्ने रोगहरु जस्तै अर्थराईटिस मधुमेह, थाईराइड, श्वासप्रश्वास सम्बन्धी रोग, प्यारालाईसिस इत्यादि रोगहरुलाई थेरापेटिक योग मार्फत सकेसम्म औषधालयबाट उपचार गरिने प्रक्रियाको लागि पहल गरिनेछ।

७३. घुम्ती योग शिविर संचालन गरिनेछ,

७४. गाउँपालिकामा नै उत्पादन हुने जडिबुटीलाई विषेश प्राथमिकता दिई आयुर्वेद औषाधालयबाट नै औषधी निर्माण गरी सेवा संचालन गर्ने तर्फ विषेश ध्यान दिइनेछ।

७५. खाद्य पदार्थ जन्य रोग तथा आम नागरिकको जीवन शैलीबाट उत्पन्न हुने रोग नियन्त्रण गर्न योग तथा वैकल्पिक चिकित्सा सम्बन्धी कार्यक्रम राखी नागरिकलाई Prevention is better than cure भन्ने सिद्धान्तमा आधारित भई रोग लाग्न नदिने तर्फ विषेश जोड दिइनेछ।

७६. गाउँपालिकामा उत्पादित जडिबुटीको प्रयोगको प्रवर्द्धन गर्ने एवं जनतालाई त्यस बारेमा जनचेतना जगाई जडिबुटीको अज्ञानको कारण त्यति कै खेर गएका बहुमुल्य जडिबुटीहरुलाई स्वयं आफ्नै घरमा उपचार गरिने प्रक्रियालाई व्यवस्थित गरी आफ्नो डाक्टर आफै भन्ने सिद्धान्त कार्यान्वयनमा ल्याइ जडिबुटी सम्बन्धी ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न आवश्यक व्यवस्था सम्बन्धी नीति लिइनेछ।

**घ. खानेपानी तथा सरसफाई नीति :**

७७. खानेपानी सम्बन्धि समस्यालाई विशेष प्रथमिकतामा राखि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ,

७८. सबै नागरिकहरुलाई शुद्ध खानेपानी सेवाको आपूर्तिको लागि तथ्यांकमा आधारित भई सबै खानेपानी आयोजनाहरुको व्यवस्थापन गर्न खानेपानी बोर्डको गठन गरी **"एक घर एक धारा"** को नीतिलाई निरन्तरता दिइनेछ,

७९. फोहोरमैला व्यवस्थापनको लागि फोहोरको स्रोतमा नै वर्गीकरण गरी उचित ठाँउमा विसर्जन गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ,

**ङ. लैङ्गिक समानता र समावेशीकरण नीति :**

८०. लैंगिक विभेद अन्त्य गर्दै लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

८१. लैङ्गिक विभेद तथा लैङ्गिक हिंसाको अन्त्य गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

८२. महिला सशक्तिकरणका लागि घरेलु हिंसा, लैंगिक हिंसा, बहुविवाह, नेतृत्व विकास तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम तथा महिला/आमा समूह लक्षित आयआर्जन, सिपमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बन्न प्रोत्साहन गरिनेछ।

८३. महिला हिंसाको कारण पहिचान, महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धिमा गैर सरकारी संस्था, निजी क्षेत्र र टोल विकास समितिसँग समन्वय र सहकार्य गरिनेछ।

८४. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ।

८५. बालविवाह, बालश्रम र बहुविवाह विरुद्ध कार्यक्रमहरु बाल क्लव, बाल सञ्जाल, बाल संरक्षण समिति , वडा कार्यालय र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ।

८६. सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाउन अशक्त व्यक्तिहरुका लागि "घर दैलो सेवा" को नीति लिइनेछ।

८७. "**कृषि, पर्यटन र उद्यम युक्त गाउँ - बालमैत्री त्रिपुरा बस्न योग्य ठाउँ**" निर्माण गर्दै बालमैत्री स्थानिय तह घोषणाका लागि आवश्यक पहल गरिनेछ।

८८. बालक्लव र बाल सञ्जाल गठन, पुनः गठन एवं क्षमता अभिवृद्धिमा जोड दिदैँ बालमैत्री गाउँपालिका घोषणाका सूचक बमोजिमका न्यूनतम सेवा, सुविधा र संरक्षणका थप कार्यक्रम सञ्चालन गरिनेछ।

८९. त्रिपुरासुन्दरी गाउँपालिकालाई आ.व. २०८३/२०८४ सम्ममा बालमैत्री स्थानीय शासन घोषणा गर्ने अभिप्रायका साथ कार्यक्रम सञ्चालन गरिनेछ।

९०. ज्येष्ठ नागरिकको मनोबल उच्च बनाउदै नैरसत्यताको अन्त्य गर्नका लागि ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

९१. अपाङ्गता भएका व्यक्तिहरुको लागि सिप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी आय आर्जन मार्फत आत्मनिर्भर बनाउने नीति लिइनेछ।

९२. बाबु आमा विहिन बालबालिकाहरुका लागि सामाजिक संरक्षण भत्ता वितरण गर्दा वडागत अनुगमन गरी वडा र व्यक्ति स्वयम्को निवेदनमा मात्र दिन सकिने व्यवस्था तथा कार्यान्वयन गरिनेछ।

९३. भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुको संरक्षण, सम्वर्द्धन र उत्थान गर्नको लागि गैर सरकारी संस्थामार्फत सचेतामूलक कार्यक्रम संचालन गरिनेछ।

९४. बालबालिकाको रुची, चाहाना, इच्छा, कला, क्षमता र उमेर अनुसारको अतिरिक्त क्रियाकलाप तथा जीवन उपयोगी सीपसँग सम्बन्धीत कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

९५. अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी आय आर्जन मार्फत आत्मनिर्भर बनाउने नीति लिइनेछ।

९६. आय आर्जनका गतिविधि बढाउन महिला तथा आमा समूहहरुलाई प्रोत्साहन गरिनेछ।

९७. लैंगिक समानताको लागि लैंगिक उत्तरदायी बजेटमा जोड दिइनेछ। आर्थिक एवं सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सीमान्तकृत समुदायका व्यक्तिहरुको आर्थिक सामाजिक उत्थान गर्न संरक्षण कोषको स्थापना गर्ने नीति लिइनेछ।

**च. युवा तथा खेलकुद नीति :**

९८. गाउँपालिका भित्र खेलाडी उत्पादनको लागि युवाक्लबहरुलाई प्रोत्साहन गरिनेछ।

९९. सीप र दक्षताको आधारमा युवा जनशक्तिको अभिलेखिकरण गरी तालिम प्रदान गर्ने, तालिम प्राप्त जनशक्तिलाई स्वोरोजगार र रोजगारीमा आवद्ध गर्ने नीति लिइनेछ। युवा जनशक्तिलाई पालिकाको विकास अभियानमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

१००. प्रत्येक माध्यमिक विद्यालयमा इच्छुक विद्यार्थीहरुलाई आत्मरक्षा(Self defense) का लागि खेलकुदका कार्यक्रम सञ्चालन गरिनेछ।

**पूर्वाधार विकास सम्बन्धी नीति**

१०१. प्रत्येक वडाबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडक स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०२. ढल निकास सहितको सडक पूर्वाधार विकासमा जोड दिइनेछ,

१०३. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठुला आयोजनाहरु पहिचान गरी पालिकास्तरीय गौरवका आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ,

१०४. **"अबको निकास: पूर्वाधार विकास"** भन्ने नारालाई सार्थक बनाउन पालिका भित्रमा सडकहरुको सुदृढीकरण एवं स्तरोन्नति गर्दै ढलान/कालोपत्रे गर्न जोड दिइनेछ,

१०५. विकास प्रक्रियालाई दिगो, भरपर्दो एवं विश्वसनीय बनाउन टुक्रे आयोजनाहरुलाई निरुत्साहित गर्दै रु. १० लाख माथिका योजनाहरु ठेक्का प्रक्रियाबाट संचालन गर्न प्राथमिकता दिइनेछ।

१०६. वार्षिक बजेट तथा कार्यक्रमलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ,

१०७. गाउँसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु शिर्षकान्तर तथा रकमान्तर गर्ने कार्यलाई निरुत्साहित गरिनेछ,

१०८. विकास प्रक्रियालाई दिगो, भरपर्दो र वस्तुपरक बनाउन संचालित योजना तथा कार्यक्रमको अनुगमन एवं मुल्यांकन पद्धतिलाई नतिजामूलक बनाइनेछ।

१०९. गाउँपालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाकले आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित सूरक्षित राख्ने र एकीकृत तथ्याङ्क संकलनमा एकरुपता ल्याउने नीति लिइनेछ।

११०. प्रत्येक वडामा इन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्न इन्टरनेट सेवाको विकास र विस्तारमा जोड दिदै सबैको पहुँचयोग्य हुने पूर्वाधार विकासमा जोड दिइनेछ,

**वन, वातारण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति :**

१११. **"वृक्षारोपण गरौः वन जोगाऔं"** भन्ने अभियान संचालन गर्दै बाढी पहिरो तथा भुक्षय सम्भावित क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ।

११२. सामुदायिक वनमा हुने चोरी निकासी र अनावश्यक रुख कटानलाई नियन्त्रण गर्न गाउँपालिकाले नियमनकारी भूमिका खेल्नेछ,

११३. जलवायू परिवर्तनको प्रतिकूल प्रभावहरुलाई अनुकूलन गर्न कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ,

११४. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारहरुको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ।

११५. ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

११६. विपद पुर्व तयारी, विपद न्यूनिकरण, प्रतिकार्य र पुनस्थार्पनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

११७. विपद व्यवस्थापन कोषको संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । विपद व्यवस्थापन कोषमा कुल पूँजीगत खर्चको ०.५ प्रतिशत भन्दा बढी बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

११८. बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान तथा लत्ता कपडा उपलब्ध गराउनको लागि आवश्यक व्यवस्था गरिनेछ।

११९. जिल्ला एवं मुलुक भित्र भएका विपदमा सहानुभूती पूर्वक खोज, उद्धार र राहतमा सहभागी हुन जोड दिइनेछ।

**सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति :**

१२०. गाउँपालिकाका भित्र रहेका स्रोत साधन र सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतिय स्थानीय पार्श्व चित्र (Digital Local Government Profile) तयार गरिनेछ।

१२१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की र बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

१२२. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणामुखी बनाईनेछ।

१२३. गाउँपालिकाको कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माण सम्बन्धी कार्यमा हुन सक्ने भ्रष्टचार, अपारदर्शीता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालय र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ।

१२४. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा सफ्टवेयर प्रणाली निर्माण गरी कागज विहिन प्रणाली बनाउन विद्युतिय प्रणालीलाई जोड दिइनेछ।

१२५. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उमभोक्ताहरुलाई समेत संलग्न गरिनेछ।

१२६. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१२७. राष्ट्र सेवक कर्मचारीहरुलाई कार्यसम्पादनका स्पष्ट मापनयोग्ग सूचक सहितको **"कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली"** निर्माण गरी कार्य गर्न प्रोत्साहित गर्ने र गाउँपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ।

१२८. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच कार्यसम्पादन सम्झौता कार्यलाई निरन्तरता दिइनेछ,

१२९. आन्तरिक आयलाई व्यवस्थापन गरी राजश्व परिचालनलाई थप प्रभावकारी बनाउन जोड दिइनेछ। गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१३०. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अबलम्बन गरी नागरिकहरु बीच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ। वनजन्य पदार्थहरुको निकासी र पैठारीमा गाउँपालिकाले कर निर्धारण गरी राजश्व संकलन गर्न सक्नेछ।

१३१. कर प्रशासनलाई सूचना प्रविधि मैत्री एवं करदाता मैत्री तुल्याउँदै लगिनेछ।

१३२. जाप्रतिनिध र कर्मचारीको क्षमता विकास गरी संस्थागत सबलीकरणमा योगदान पुर्याउन क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१३३. बेरुजु रकमलाई शुन्यमा झार्न **"बेरुजु हटाउ: बेरुजु घटाउ"** भन्ने नारालाई अभियानको रुपमा संचालन गरिनेछ।

१३४. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

१३५. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरु एवं मेलमिलाप कर्ताहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१३६. न्यायिक समितिलाई सक्षम र सबल बनाई न्यायिक निरुपणलाई पारदर्शी बनाइनेछ।

१३७. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन कार्यलाई निरन्तरता दिइनेछ,

**अन्त्यमा**, यो नीति तथा कार्यक्रममा महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने अग्रज व्यक्तित्वहरु, गाउँ कार्यपालिका र गाउँ सभाका सदस्यहरु, सबै राजनीतिक दल एवं भातृ सङ्गठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, वुद्धिजीविहरु, सुरक्षाकर्मी, नीजि क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्णमा आभारसहित धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद !**

**भक्तध्वज बोहरा**
**अध्यक्ष**